एकच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता टाइगर श्रफले आफ्नो अपार्टमेन्ट नौ करोड भारतीय रुपैयाँमा बिक्री गरेका छन्। द इन्डियन एक्सप्रेसका अनुसार उनले सन् २०१८ मा ७ करोड ६१ लाख भारतीय रुपैयाँमा किनेको अपार्टमेन्ट अहिले नौ करोडमा बिक्री गरेका हुन्। यो अपार्टमेन्ट मुम्बईको खार वेस्टस्थित रुस्तमजी प्यारामाउन्ट डी कोअपरेटिभ हाउजिङ सोसाइटीको नवौं तलामा छ। केही समय अघिटाइगरमाथि गोली प्रहार भएको थियो। लगातै उनले आफ्नो अपार्टमेन्ट बेच्दा चासो बढेको छ।

आजको विचार...



तानसेनको...
(दुई पेजमा)

पदम न्यौपाने

कलाकार दीपकराज गिरीले अब आफूले बनाउने सिनेमाबारे प्रस्ट पारेका छन्। आफूसँग "खत्का पञ्जा"को सिरिज बाँकी रहे पनि सुरुमा "छ माया खपत्कै-३" बनाउने बताएका छन्। "छ माया खपत्कै-२"को अन्तिममा चासको बाँकी कथा पनि आउने भनेर घोषणा गरिसकेको उनले बताए। "छ माया खपत्कै-२ मा कथा इनकम्प्लिट छ," दीपक भन्छन्, "त्यसैले हामीले सिनेमाको अन्तिममा अर्को भाग आउँछ भनेका छौं। त्यसैले चासको तेस्रो श्रृंखला नै बनाउने हो।" दीपकले तत्काल "खत्का पञ्जा ६" बनाउने पक्षमा नरहेको बताए।



❐ वर्ष ३२ ❐ अंक ११० ❐ २०८३ मंसिर १ गते मंगलबार 17 November 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

ड्रोन आक्रमणमा १५ जनाको मृत्यु

काठमाडौं, कार्तिक ३०/ सुडानको पश्चिम कोर्डोफान राज्यस्थित एक गाउँमा सेनाले गरेको ड्रोन आक्रमणमा फुटबल खेलिरहेका चार बालबालिकासहित १५ जनाको मृत्यु भएको छ। आइतबार अबु कल्ब गाउँमा भएको आक्रमणमा अन्य केही घाइते भएका छन् भने कैयौं घरमा आगलागी भएको स्थानीय अधिकार अनुगमन संस्थाले जनाएको छ।स्थानीय अधिकार अनुगमन संस्था कोर्डोफान अब्जर्भेटरीका अनुसार सेनाले एउटै क्षेत्रमा दुईपटक ड्रोन प्रहार गरेको थियो । पहिलो प्रहार गाउँको सार्वजनिक चोकमा भएको थियो, जहाँ बालबालिका फुटबल खेलिरहेका थिए । दोस्रो प्रहार स्थानीयका घरमा हुँदा धेरै घरमा आगलागी भएको थियो।आफ्नो सुरक्षा जोखिमका कारण नाम सार्वजनिक नगर्न आग्रह गरेका एक जीवित व्यक्तिले सञ्चार अवरोध छल्न स्याटेलाइट इन्टरनेट प्रयोग गरी घटनाबारे जानकारी दिएका छन्। उनका अनुसार आक्रमणमा १५ जनाले ज्यान गुमाएका छन् । मारिएकामध्ये नौ जना उनका आफन्त थिए । उनले युद्धमा यसअघि नै बुबा गुमाएका दुई बालबालिकासमेत आक्रमणमा मारिएको बताएका छन्। *-रासस*

पाल्पामा दुई दिने 'हेरिटेज राइड' हुँदै

तानसेनदेखि रामपुरसम्मका ऐतिहासिक, धार्मिक र पर्यटकीय गन्तव्य समेटिने

कृष्ण पोखरेल

पाल्पा, कार्तिक ३०/ पाल्पाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको प्रचार-प्रसार गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पाल्पामा दुईदिने 'हेरिटेज राइड (सम्पदा यात्रा) २०८३' आयोजना हुने भएको छ । पाल्पा साइकलिङ संघको आयोजनामा आगामी मंसिर ५ र ६ गते तेस्रो संस्करणको सम्पदा यात्रा हुन लागेको हो ।

संघले सोमबार तानसेनमा पत्रकार सम्मेलन गरी यात्राको उद्देश्य, मार्ग र कार्यक्रमबारे जानकारी गराएको छ । संघका महासचिव विज्ञान बज्राचार्यले पाल्पाका ओझेलमा परेका पर्यटकीय तथा ऐतिहासिक गन्तव्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने अभियानका रूपमा सम्पदा यात्रा आयोजना गर्न लागिएको बताए । उनका अनुसार पहिलो दिन मंसिर ५ गते बिहान ६:३० बजे तानसेन नगरपालिकाको टुँडिखेलबाट यात्रा सुरु हुनेछ । तानसेनको नारायण टोल, असन टोल, तानसेन दरबार र भगवती



मन्दिर हुँदै आर्यभञ्ज्याङ, चिदिपानी, हुमिन तथा पूर्वखोला गाउँपालिकाका पर्यटकीय क्षेत्रको अवलोकन गर्दै साइकलयात्री निस्दी गाउँपालिकास्थित अम्रिसो बगान काउलेडाँडा पुग्ने छन् ।दोस्रो दिन मंसिर ६ गते बिहान काउलेडाँडाको पर्यटकीय क्षेत्र अवलोकन गरेपछि किर्तिपुर हुँदै रामपुर नगरपालिकासम्म यात्रा गरिनेछ । रामपुरमा दिउँसो ४ बजे कार्यक्रम समापन हुने आयोजकले जनाएको छ । यस वर्षको हेरिटेज राइडमा मेचीदेखि महाकालीसम्मका करिब २०० जना साइकलयात्री सहभागी हुनेछन् । संघका अध्यक्ष रुपेशमान महर्जनका अनुसार यात्रामा ११ जना महिला र १८९ जना पुरुष गरी २०० जनाले सहभागिता जनाउने छन् । सहभागी साइकलयात्रीको उमेर १६ देखि ६१ वर्षसम्म रहेको छ । विश्व साइकल यात्री तथा सगरमाथा आरोही पुष्कर शाहको समेत यात्रामा सहभागिता रहनेछ । कार्यक्रम सञ्चालनका लागि करिब १५ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ । सम्पदा यात्राको पहिलो संस्करण २०७९ मा तानसेन र पश्चिम पाल्पाका सम्पदालाई समेटेर आयोजना गरिएको थियो । दोस्रो संस्करण २०८२ मा 'सम्पदा यात्रा' मूल नारासहित तानसेन दरबारदेखि रामनिहल दरबारसम्म प्रतिस्पर्धात्मक साइकल यात्रा सञ्चालन गरिएको थियो । यसपटक तेस्रो संस्करणमा तानसेनदेखि पूर्वी पाल्पाका पर्यटकीय तथा ऐतिहासिक गन्तव्यलाई प्राथमिकतामा राखिएको आयोजकले जनाएको छ । तानसेन, रम्भा, पूर्वखोला, निस्दी र रामपुरका सांस्कृतिक, धार्मिक तथा प्राकृतिक आकर्षणलाई उजागर गर्ने यात्राले स्थानीय समुदायका लागि आर्थिक अवसर सिर्जना गर्नुका साथै साइकलमार्फत स्वस्थ र दिगो जीवनशैली प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । पत्रकार सम्मेलनका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सिनाले पाल्पाका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदालाई देशविदेशमा चिनाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताए । पर्यटनको सम्भावना बोकेर पनि ओझेलमा परेका गन्तव्यको प्रचारप्रसारमा सम्पदा यात्राले सहयोग पुऱ्याउने उनको भनाइ थियो । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि साइकल यात्रा भन्ने मूल उद्देश्यसहित आयोजना हुन लागेको कार्यक्रम पाल्पा साइकलिङ संघका अध्यक्ष रुपेशमान महर्जनको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रमको सञ्चालन संघका महासचिव विज्ञान बज्राचार्यले गरेका थिए ।

विज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

-विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,

-सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,

-सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,

-विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

'कालिका जगन्नाथ प्रतिभा पुरस्कार' पाल्पाकी ओजस्वीलाई

पाल्पा, कार्तिक ३०/ सानै उमेरमा वक्तृत्वकलामार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान बनाएकी पाल्पाकी १४ वर्षीया ओजस्वी आचार्य 'कालिका जगन्नाथ प्रतिभा पुरस्कार'बाट सम्मानित भएकी छन् । शहीद स्मृति पुस्तकालय, भैरहवाको २५औं स्थापना दिवस तथा रजत महोत्सवका अवसरमा भैरहवामा आयोजित समारोहमा कक्षा १० मा अध्ययनरत आचार्यलाई नगद १० हजार रुपैयाँसहित दोसल्ला, पदक र प्रमाणपत्र प्रदान गरिएको हो ।

बाल वक्तृत्व, सामाजिक चेतना र युवामुखी प्रेरणाका क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ । तानसेन-९, दमकडास्थित दमकडा माध्यमिक विद्यालयमा अध्ययनरत आचार्यले विद्यालयस्तरबाट सुरु गरेको वक्तृत्व यात्रा राष्ट्रिय हुँदै अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याएकी छन् । सन् २०२५ मा थाइल्यान्डमा आयोजित गैरआवासीय नेपाली संघ (एनआरएनए) को दोस्रो अन्तर्राष्ट्रिय युवा तथा पिएनओज् सम्मेलनमा अतिथि वक्ताका रूपमा सहभागी भएकी उनलाई विदेशमा रहेका



नेपालीलाई मातृभूमिसँग जोड्न योगदान गरेको भन्दै एनआरएनएले ब्रान्ड एम्बेसडरसमेत घोषणा गरेको थियो । यसैगरी, सशस्त्र प्रहरी बल नेपाल, नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालयले आयोजना गरेको लुम्बिनी प्रदेशस्तरीय विद्यालय वक्तृत्व प्रतियोगितामा ७२ विद्यालयका ११६ प्रतिस्पर्धीलाई पछि पार्दै प्रथम भएकी आचार्यलाई लागूऔषधविरुद्धको अभियानमा 'जागरण दूत' घोषणा गरिएको थियो । चैतन्य दोस्रो विद्यार्थी महोत्सव-२०८२ मा उनलाई 'चैतन्य युवा प्रतिभा सम्मान'समेत प्रदान गरिएको थियो ।वक्तृत्वकलासँगै सामाजिक उत्तरदायित्व, सकारात्मक सोच र विकृति-विसंगतिविरुद्ध सचेतना फैलाउने विषयमा सक्रिय आचार्यले विद्यालयको रेकर्डिङ स्टुडियोमार्फत बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन तथा अतिथिसँग अन्तर्वार्ता र संवादसमेत गर्दै आएकी छन् । पुस्तकालयका अध्यक्ष गोपालप्रसाद अर्यालको अध्यक्षतामा भएको समारोहको सञ्चालन सचिव रामप्रसाद घिमिरेले गरेका थिए ।कार्यक्रममा साहित्यकार, लेखक, शिक्षासेवी तथा विभिन्न क्षेत्रका व्यक्तित्वको सहभागिता थियो । रजत महोत्सवका अवसरमा बाल वक्ता, स्रष्टा, साहित्यकार तथा विभिन्न पेसामा योगदान पुऱ्याएका व्यक्तित्वलाई नौ विधामा सम्मान गरिएको थियो । योगनाथ आचार्य र हिरादेवी आचार्यले स्थापना गरेको अक्षयकोषबाट प्रदान गरिएको पुरस्कार ग्रहण गर्दै ओजस्वीले सम्मानले आगामी दिनमा थप जिम्मेवार भएर अघि बढ्न प्रेरणा मिलेको बताइन् ।

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

अन्तर्राष्ट्रिय विद्यार्थी दिवसको सन्दर्भ

आज अन्तर्राष्ट्रिय विद्यार्थी दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष नोभेम्बर १७ तारिखका दिन विद्यार्थीको अधिकार, स्वतन्त्रता, शैक्षिक अवसर र शिक्षामा समान पहुँचको महत्वलाई उजागर गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ ।

विद्यार्थी समाज परिवर्तनका संवाहक, राष्ट्र निर्माणका आधार र भविष्यका कर्णधार हुन् । त्यसैले उनीहरूको शिक्षा, अधिकार, सुरक्षा र उज्ज्वल भविष्य सुनिश्चित गर्नु राज्य, समाज र शैक्षिक संस्थाहरूको साझा दायित्व हो । विद्यार्थी दिवस केवल औपचारिक कार्यक्रम र भाषणमा सीमित हुनु हुँदैन । यसले विद्यार्थीले भोगिरहेका समस्या, चुनौती र अवसरका विषयमा गम्भीर बहस गर्ने वातावरण सिर्जना गर्नुपर्छ । आज पनि धेरै विद्यार्थी गुणस्तरीय शिक्षाबाट वञ्चित छन् । आर्थिक अभाव, भौगोलिक विकटता, शैक्षिक असमानता, बेरोजगारी, प्रविधिमा पहुँचको कमी तथा शिक्षण संस्थामा देखिने विभिन्न विकृतिले विद्यार्थीको भविष्य प्रभावित भइरहेको छ । विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यार्थीले अझै पनि सहज र गुणस्तरीय शिक्षा प्राप्त गर्न अनेक कठिनाइ सामना गर्नुपरेको छ । नेपालको शैक्षिक क्षेत्रमा पछिल्लो समय केही सकारात्मक परिवर्तन देखिए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षामा पहुँच विस्तार भएको छ, तर गुणस्तर र व्यवहारिक सीपको विकास अझै चुनौतीपूर्ण छ । विद्यालय तथा विश्वविद्यालयबाट प्रमाणपत्र प्राप्त गरेपछि पनि रोजगारीका अवसर नपाउँदा ठूलो संख्यामा युवा विदेशिन बाध्य छन् । उच्च शिक्षा र राम्रो भविष्यको खोजीमा विद्यार्थी विदेश पलायन हुने क्रम बढ्दै जानु देशको शैक्षिक तथा आर्थिक क्षेत्रका लागि गम्भीर चिन्ताको विषय हो ।

विद्यार्थीलाई स्वदेशमै गुणस्तरीय शिक्षा, अनुसन्धानको वातावरण, सीपमूलक तालिम र रोजगारीको अवसर उपलब्ध गराउन राज्यले विशेष ध्यान दिनुपर्छ । शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम होइन, व्यक्तिको सोच, क्षमता, चरित्र र जिम्मेवारी विकास गर्ने आधार हो । त्यसैले शिक्षण प्रणालीलाई समयअनुकूल, प्रविधिमैत्री, व्यावहारिक र रोजगारमुखी बनाउनु आवश्यक छ । विद्यार्थीलाई घोकन्ते शिक्षाभन्दा सिर्जनात्मक सोच, आलोचनात्मक चेतना, अनुसन्धान र नवप्रवर्तनतर्फ प्रेरित गर्नुपर्छ । विद्यालय तथा विश्वविद्यालयमा विद्यार्थीमैत्री वातावरण निर्माण गर्दै उनीहरूको विचार, जिज्ञासा र प्रतिभाको सम्मान गर्ने संस्कार विकास गर्नुपर्छ । विद्यार्थीलाई केवल भविष्यका कर्णधार भनेर सम्बोधन गर्ने मात्र होइन, वर्तमानमै उनीहरूको क्षमता, प्रतिभा र अधिकारको सम्मान गर्नुपर्छ। विद्यार्थीको सपना, सम्भावना र सिर्जनशीलतालाई संरक्षण गर्दै उनीहरूका लागि अवसरयुक्त शैक्षिक वातावरण निर्माण गर्नु नै अन्तर्राष्ट्रिय विद्यार्थी दिवसको वास्तविक सन्देश बन्नुपर्छ ।

Opinion @ Social Network

एक दिन मनले पनि महसुस गरोस,
यति धेरै संघर्ष व्यर्थ गएको रहेनछ।
(सागर आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Ale)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

तानसेनको २X३ आर्थिक समुन्नती ! सम्भव छ ?



पद्म न्यौपाने

(बहस पत्र)

सधै सुन्ने गरिन्छ, खर्च गर्ने पैसा छैन, आम्दानी सानो छ खर्च गर्नु पर्ने क्षेत्र धेरै छन् । यति मात्र होइन तानसेन नगरपालिका सानो छ, बजार क्षेत्र झन् सानो छ, ग्रामीण क्षेत्र धेरै छ, फराकिलो छ, माग धेरै छन्, खर्च रकम पुऱ्याउन सकिएको छैन, असन्तुष्टि धेरै छन् । हामी हरेकले बनाएको धारणा यही हो, भन्ने पनि यही हो ! तर अब यस परम्परालाई बदलेर यसरी भन्नु पर्ने भयो- तानसेन नगरपालिकाको मुख्य समस्या आम्दानी कम हुनु र अर्को समस्या अतिरिक्त लगानी भित्राउने सोच,गम्भिर पहल र प्रभावशाली परियोजना नहुनु हो । बजेट मात्र खर्च गर्ने होइन, अर्थतन्त्र निर्माण गर्ने नगरपालिकाको रुपमा स्थापित हुने चाहाना पनि नहुनु अर्को समस्या हो । अबको बहस यसमा हुनु पर्दछ, यही बहसका लागि यो बहस पत्र तयार गनुपर्ने आवश्यकता आएको हो ।

तानसेन नेपालको ऐतिहासिक, सांस्कृतिक, व्यापारिक शैक्षिक पहिचान र प्रकृतिको अनुपम उपहार बोकेको पुरानो सहर हो । यसको आर्थिक सम्भावना पुरानो बजार, सम्पदा, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, व्यापार र ग्रामीण उत्पादनमा फैलिएको छ । तर यी सम्भावनालाई एउटै आर्थिक प्रणालीमा जोडेर पर्याप्त आर्थिक लाभ लिन सकिएको छैन् । स्थानीय सरकारले आफ्नो वार्षिक बजेटबाहेक पनि निजी क्षेत्र, सहकारी, बैंक, गैरसरकारी संस्था, विकास साझेदार र समुदायबाट स्रोत परिचालन गरेर विकास आयोजनामा सहयोग गर्न सक्छ । यसलाई सामान्यत गैर बजेट लगानी परिचालन भनिन्छ । यसको उपयोगिता रणनीतिलाई नै क्षमता र सोंचको पहिचान वा मानक मानिन्छ , जसले यो पक्षलाइ बजेटरी भन्दा बढी महत्व दिन्छ उसैको समग्र आर्थिक विकासको प्रष्ट मार्ग देखिन्छ । यो भन्नुको अर्थ हो उसँग प्रसस्त वाह्य लगानीका लागि विभिन्न परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन रहेका हुन्छन् ।

नगरपालिकाले बजेट होइन, अर्थतन्त्रको आकार बढाउनुपर्छ । यसका लागि हालको आम्दानीमा दोब्बर र बजेट भन्दा तेब्बर बाह्य योजना परिचालन गर्ने स्पष्ट अवधारणा र लक्ष्य हुनु पर्दछ ।हालको आन्तरिक आम्दानी वा राजश्व दोब्बर पुऱ्याउने लक्ष्य हुनु भनेको राजस्व प्रशासनको सुधार र आर्थिक गतिविधि विस्तारको विषय हो । त्यसैगरी दोब्बर गैरबजेटरी लगानी परिचालन गर्नु भनेको नगरपालिकाको लगानी सहजीकरण क्षमता, निजी क्षेत्रको विश्वास र आयोजनाको व्यावसायिक सम्भाव्तासँग सम्बन्धित विषय हो । तानसेनको पुरानो बजारले सम्पदा र पर्यटनको मूल्य सिर्जना गर्नुपर्छ । बाहिरी बढाले उत्पादनको आधार तयार गर्नु पर्छ । यसका लागि युवाले उद्यमशीलता र सीपमार्फत अर्थतन्त्रलाई गतिशील बनाउने , निजी क्षेत्रले लगानी र रोजगारी सिर्जना गर्ने र नगरपालिकाले यी सबैलाई जोड्ने भूमिकाको नेतृत्व लिनुपर्छ ।

तानसेनको वार्षिक रूपान्तरणको मूल सूत्र

तानसेनलाई परम्परागत प्रशासनिक नगरपालिकाबाट आर्थिक रूपमा सक्रिय, लगानीमैत्री र समुन्नत नगरपालिकामा रूपान्तरण गर्न सक्छ भन्ने लक्ष्य पहिलो शुत्र हो । निजी क्षेत्रसँग साझेदारी गरी सानिसा मोडलमा आयोजना निर्माण तथा सञ्चालन गर्ने दृष्टिकोण सहितको सुधारात्मक व्यवस्था, साझेदारको लगानीसँग निश्चित अनुपातमा सहलगानी गर्ने प्रष्टता, संघ, प्रदेश तथा विकास साझेदारबाट अनुदान जुटाउन सक्रियता, निजी कम्पनीको सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी आकर्षित गर्ने रणनीति, उपभोक्ता समूह, सहकारी र समुदायको लगानी आकर्षित गर्ने परियोजना तयारी, बैंक, वित्तीय संस्था र गैरसरकारी संस्थासँग सहकार्यको निरन्तर पहलको जरुरी रहन्छ । एसियाली विकास बैंकले पनि स्थानीय तहको राजस्व क्षमता बढाउन सम्भावित राजस्व स्रोतको मूल्याङ्कन, उपयुक्त कर नीति र प्रविधिमा आधारित कर प्रशासनलाई महत्वपूर्ण मानेको छ । तानसेन पर्यटन नीतिले लिएको हरेक वर्ष पर्यटक संख्या र लगानीमा दोब्बर बढोत्तरी एवं कम्तीमा प्रत्येक पाँच वर्षमा पर्यटन लगानी सम्मेलन आयोजना गर्ने लक्ष्यले समेत यही अवधारणालाइ अगाडि सारेको छ ।

लगानी परिचालन गर्न सक्ने क्षेत्र

नगरपालिकाद्वारा आफ्नो नियमित बजेट बनाउने र खर्च गर्ने सिद्धान्तमा मात्र केन्द्रित रहन गयो भने त्यहाँ नयाँ विकासका सम्भावना देख्न सकिदैन । यदी आफ्ना सबै वडाहरुको सम्भावना र सम्भावित लगानी आकर्षणका परियोजना तयार पारी आफ्ना निती तथा कार्यक्रममा सम्भावित कार्यक्रमको उदघोषणा सहित लगानी आमन्त्रणकालागि आफ्नो अधिकार क्षेत्र भित्रका ऐन कानून र कार्यविधि आवश्यकता अनुरुप निर्माण, संसोधन, सुधार गर्ने, प्रदेश र संघका लागि समन्वय गरी सहजीकरण गर्ने गरी आमन्त्रण गर्न सक्छ । लगानी आकर्षणका लागि निजी क्षेत्रसँग सहकार्यगरी पर्यटन सम्बद्ध पूर्वाधार परियोजनामा सार्वजनिक निजी साझेदारी र सार्वजनिक निजी सामुदायिक साझेदारी मोडल, खेलकुद पूर्वाधारका लागि सम्बद्ध खेल संस्था र निजी क्षेत्र, कृषि प्रशोधनका लागि सहकारी, बैंक र निजी क्षेत्र, पुरानो बजार पुनर्जीवन कार्यक्रममा घरधनी, व्यवसायी र निजी लगानी, ग्रामीण पर्यटन तथा होमस्टेमा स्थानीय समुदाय र निजी क्षेत्र, अस्पताल तथा स्वास्थ्य सेवामा निजी स्वास्थ्य संस्था र नीजि क्षेत्र,फोहोर व्यवस्थापनमा सानिसा तथा वातावरणीय विकास साझेदार संस्थाहरु, सीप तथा उद्यमशीलता विकासका लागि बैंक, गैसस र विकास साझेदारहरु आमन्त्रण गर्न सक्नुपर्छ । आफ्ना साना ठूला कार्यक्रमहरुमा यी सम्भावनाहरु लाई आमन्त्रण गरेको सन्देश प्रवाह हुनु पर्दछ , जसबाट सम्बद्ध क्षेत्रहरुको ध्यानाकर्षण गरेको हुनु पर्दछ ।

यस्तो आमन्त्रणबाट नगरपालिकाले गर्नसक्ने सहयोगका सन्दर्भमा स्पष्ट सन्देश दिन सक्छ । स्थानीय सरकारले जग्गा वा सार्वजनिक सम्पत्तिको कानुनसम्मत उपयोगको व्यवस्था मिलाउने, सडक, खानेपानी, विद्युत् जस्ता आधारभूत पूर्वाधार उपलब्ध गराउने, सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने, लगानीकर्तालाई आवश्यक अनुमति तथा स्वीकृतिमा सहजीकरण गर्ने, कानुनले अनुमति दिएको अवस्थामा अनुदान वा सहलगानी उपलब्ध गराउने, लगानी जोखिम र प्रतिफलको स्पष्ट व्यवस्था गर्ने कार्यमा मद्धत गरेमा लगानी आकर्षण हुन सक्छ । तर सार्वजनिक रकम खर्च हुने, भविष्यमा नगरपालिकामाथि दायित्व पर्ने वा प्रत्यभूति दिनुपर्ने अवस्थामा सम्बन्धित बजेट, कानुन र स्वीकृति प्रक्रिया अनिवार्य हुने व्यवस्था गर्दा विश्वशिलो वातावरण बन्न जान्छ ।

गैरबजेटरी लगानीका लागि विशेष प्रस्ताव

तानसेन नगरपालिकाले गैर बजेटरी लगानी परिचालन कार्यविधि बनाउन जरुरी देखिन्छ । यस कार्यविधिले नगरका १४ वटै वडाका लगानीयोग्य आयोजना पहिचान गर्ने छ र कम्तीमा दुई दर्जन सम्भावित आयोजना समेटेर परियोजना बैंक बनाउने छ । यस्ता परियोजनामा निजी क्षेत्र, बैंक, सहकारी,समुदाय र प्रवासी तानसेनवासीलाई लगानीमा जोड्नेछ । कार्यविधिमा लगानी सहजीकरणका लागि छुट्टै संस्थागत संयन्त्र बनाउने लक्ष्य हुनेछ । प्रत्येक वर्ष वास्तविक र सहमती भएका लगानी परिचालनको प्रतिवेदन सार्वजनिक गर्नेछ । तानसेन नगरपालिकाको आफ्नो करिव एक अर्ब रुपैयाँको बजेटलाई मात्र विकासको सीमा मान्ने प्रवृति हटाउनु पर्दछ । त्यसलाई आधार बनाएर निजी तथा संस्थागत क्षेत्रबाट थप कम्तीमा दोब्बर लगानी परिचालन गर्ने लक्ष्य राख्नु पर्दछ । नगरपालिकाले सबै विकास आफैं गर्ने होइनह विकासमा सहभागी हुन चाहने व्यक्ति, संस्था,समुदाय र लगानीकर्तालाई अवसर, वातावरण, पूर्वाधार र विश्वास उपलब्ध गराउने कार्य गर्नु पर्दछ , जुन विश्वासमा ठूलो लगानी गर्ने आँट बढेर जान्छ । यही अवधारणाबाट तानसेनले वार्षिक तीन अर्ब रुपैयाँ गैरबजेटरी लगानी परिचालन गर्ने लक्ष्यतर्फ अघि बढ्न सक्छ ।

निष्कर्ष :

यो बहस पत्रले अहिले तानसेन नगरपालिकाको आन्तरिक राजस्व वार्षिक करिब ७-८ करोड रुपैयाँ रहेको मान्ने हो भने यसलाई आगामी २-३ वर्षमा १५ करोड पुऱ्याउनु एउटा लक्ष्य लिनुपर्छ भन्ने मान्यता राख्दछ । त्यसैगरी नगरपालिकाको करिब १ अर्ब हाराहारीको वार्षिक बजेट बाहेक गैर बजेटरी लगानीको रुपमा निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, सहकारी, स्थानीय उद्यमी, प्रवासी पाल्पावासी र अन्य विकास साझेदारमार्फत वार्षिक ३ अर्ब रुपैयाँसम्म लगानी परिचालन गर्ने महत्वाकांक्षी लक्ष्य लिन सकिन्छ भन्ने सोंच विस्तारमा मद्धत गर्नेछ ।

तानसेनले आफ्नो ऐतिहासिकता, जिवन्त सांस्कृतिक प्राण, मध्यकालिन सहरी संरचना बोकेको पुरानो सहरलाइ ब्राण्डिङ गर्दै भारतीयहरुकालागि नजिकको शितल र रमणिय स्थल साथै मुक्तिनाथ जाने धार्मिक करिडोर कायम वा स्थापनाका पक्षमा दढो अभियान सञ्चालन गरी आकर्षक लगानी गन्तव्यको रुपमा विकास गर्ने लक्ष्य लिएर अभियान सञ्चालन गर्न सबदाको अवस्थामा यो बहसको विषय भनै सान्दर्भिक बन्नेछ । तर यसका लागि नगरपालिकाले आफ्नो भूमिका परम्परागत सेवा प्रदायक र बजेट खर्च गर्ने संस्थाबाट परिवर्तन गरी स्थानीय अर्थतन्त्रको प्रवर्द्धक, लगानी सहजकर्ता र आर्थिक अवसर सिर्जना गर्ने संस्थाका रूपमा विकास गर्नुपर्छ । यसकालागि तत्काल नगरपालिकाको अर्थतन्त्रको आकारको सहि जानकारीका लागि आर्थिक सर्भेक्षण गर्न जरुरी देखिन्छ । नगरको आर्थिक सम्भाव्यता अध्ययन गर्ने, १४ वटै वडाको आर्थिक प्रोफाइल निर्माण गर्ने, लगानीयोग्य आयोजनाको Project Bank तयार गर्ने, लगानीकर्तालाई एकद्वार सेवा उपलब्ध गराउने, सानिसा परियोजनाको सम्भाव्यता तथा जोखिम अध्ययन,निजी क्षेत्रसँग नियमित संवाद,वार्षिक लगानी सम्मेलन आयोजना गर्ने,लगानीको वास्तविक प्रगति अनुगमन गर्ने कार्यमा तदारुकता जरुरी देखिन्छ ।***(लेखक तानसेन पर्यटन बोर्डका सदस्य र तानसेन सम्पदा संरक्षण समाजका अध्यक्ष हुन् ।)***

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४०४३४१९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००१९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५५
अस्पताल कार्यालय
लुम्बिनीस्टिटी अस्पताल ०७१-५५५५५७, ५५५५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०३२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४९१२०१
पिकेन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
लुम्बिनी अस्पताल ०७१-५४०२००, लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
बुटवल हस्पिटल ०७१-५४६४३२
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिट्रेक अस्पताल ५४१०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४
एम्बुलेन्सस न.
रोटरी क्लब बुटवल ०७१-५४६६००
लिग्रो क्लब अप बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०८९३
रेणुकाई भैरहवा ०७१-५२६६७३,९८४७२२४६४
परासी ०७८-५२०१५५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२७११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल ९५४७२७२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बगाई क्लब बगाई ०७६-६९०७०२
रेडक्रस बेवइ ०७५-५४७७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७२९९६४
न्यु एकता क्लब तानसेन : ०७५-४२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७७०७७५५
रामपुर टे.इन्स्टी.:९८५७७६२४७,९८५७७६७४०४

दैनिक राशिफल

मेष :भावनामा आएर कुनै निर्णय नलिनुहोला।कानुनी पक्ष मजबुत रहनेछ ।
वृष :जिम्मेवारी आफै वहन गर्नु होला ।अरुको कुरा सुन्न आज उपयुक्त रहनेछ ।
मिथुन : आर्थिक कारोबारमा स्पष्टता राख्नुहोला। अनुसन्धानमा सफलता मिल्नेछ।
कर्कट : आत्मीय व्यक्तिबाट स्नेह प्राप्त हुनेछ। नयाँ जिम्मेवारी सम्हालनुपर्ने छ।
सिंह : परोपकारी काममा मन जानेछ। बिहानको व्यायामले शरीर स्वस्थ राख्नेछ।
कन्या : कठिन कामहरू पनि सहज बन्नेछन्। शत्रुहरू परास्त भएर जानेछन्।
तुला: एकअर्कोको समझदारी र मधुरता बढ्नेछ। लगानीको योजना बन्नेछ।
वृश्चिक : काममा सफलता मिल्नेछ। शरीरको लागि पर्याप्त पानी पिउनुहोला।
धनु : शारीरिक सक्रियतामा रुचि बढ्नेछ। आफन्तबाट विशेष सहयोग प्राप्त हुनेछ।
मकर :नोकरीमा प्रभाव बढ्नेछ । उद्योग व्यापारमा लाभ मिल्नेछ।
कुम्भ: कामबाट शुभ समाचार सुन्न पाइनेछ। घरको सरसफाइमा समय बिल्नेछ।
मीन : आज कार्यक्षेत्रमा उत्साह हुनेछ । व्यावसायिक जीवनमा सुधार आउनेछ ।

विज्ञान/सूचना प्रविधि

जहाज मर्मत गर्ने इन्जिनियरले किन बनाउन थाले प्लास्टिकका टायल ?



नारायण खड्का

दाङ, तुलसीपुरका ४४ वर्षीय निरजले फोहोर प्लास्टिकबाट टायल बनाउन थालेपछि उनीकहाँ प्लास्टिक बेच्ने र टायल किन्ने दुवैको सम्पर्क बढेको छ।'दिनकै बीस-तीस फोन आउँछ प्लास्टिक बेच्ने र टायल किन्नेको,' उनले भने।

तुलसीपुरमा उनले उत्पादन गर्ने पोली-स्यान्ड टायल प्लास्टिकजन्य फोहोर र बालुवा मिसाएर बनाइन्छ। उनको उद्देश्य टायल बेचेर आम्दानी गर्नु मात्रै होइन, फोहोरको समस्या घटाउनु पनि हो।'म नेपालभर प्लास्टिकजन्य फोहोर समस्या मात्रै होइन, तरिका जाने घरको छाना हो भन्ने कुरा बुझाउन र सिकाउन चाहन्छु,' उनले भने, 'प्लास्टिकजन्य सफा चिज (फोहोर) छ भने मलाई बेच्नुहोस्। त्यो बेचेर पैसा कमाउनुहोस् भन्ने मेरो आग्रह छ।'टायल बनाउन हाल प्लास्टिकका बोरा, कुर्सी र अन्य प्लास्टिकका भाँडाकुँडा प्रयोग भइरहेको छ। पोलिथिनबाट पनि नबन्ने होइन। तर सफा गर्न कठिन हुने उनी बताउँछन्।निरज पहिले जहाज मर्मत गर्ने प्राविधिक थिए।तुलसी बोर्डिङ स्कुलबाट एसएलसी पास गरेपछि प्लस-टु पढ्न भारतको चेन्नई गए। त्यसपछि नेपाल आए र टोफेल दिएर फेरि चेन्नई पुगे। त्यहाँ एरोनोटिकल इन्जिनियरिङमा स्नातक गरे। यो विषय जहाज निर्माण तथा त्यसको प्राविधिक पक्षसँग सम्बन्धित छ।पढाइपछि उनले किड्फिसर एयरलाइन्समा जहाज मर्मत गर्ने प्राविधिकका रूपमा काम पाए। करिब सात वर्ष त्यहाँ काम गर्दा मासिक एक लाख रूपैयाँसम्म कमाउँथे। कम्पनी बन्द भएपछि उनको जागिर पनि टुंगियो।त्यसपछि उनी नेपाल फर्किए। जहाज मर्मतमा प्रयोग हुने सीपभन्दा फरक व्यवसाय गर्ने सोच बनाए।सुरूमा उनले तुलसीपुरमा जिप्सनका टायल उत्पादन गरे। यो व्यवसाय जिल्लाकै पहिलो थियो। बजार पनि राम्रो भयो।व्यवसाय सुरू गरेको चार वर्षपछि उनी पढाइसँग सम्बन्धित अवसर खोज्दै अमेरिका पुगे। तर त्यहाँ जहाज मर्मतसम्बन्धी काम पाएनन्। त्यसका लागि थप पढ्नुपर्ने सुझाव पाए।फेरि पढाइमै अल्झिँदा जीवनको बाटो अन्योलमा पर्न सक्ने ठानेर उनी करिब एक महिनामै नेपाल फर्किए र आफ्नै व्यवसायमा लागे।जिप्सन टायल व्यवसाय चलिरहेकै थियो। तर बजारमा प्रतिस्पधी थपिन थालेपछि उनले नयाँ उत्पादनबारे सोचे। थोरै ग्राहक भए पनि फरक उत्पादन र उही गुणस्तर कायम राख्ने उपाय खोजिरहेका बेला उनको ध्यान प्लास्टिकजन्य फोहोरतर्फ गयो। 'वातावरणमा समस्या सिर्जना गरिरहेको प्लास्टिकलाई उपयोगी सामग्री बनाउन सकिने सम्भावनाबारे अध्ययन गरें। त्यसपछि फोहोर प्लास्टिक र बालुवा मिसाएर छाना छाउने टायल उत्पादन गर्ने निर्णय गरें,' उनले भने।तुलसीपुर-५ मा रहेको उनको पुरानो घर भाडामा छ। परिवार तुलसीपुर-६ कालोखोला उकालोस्थित अर्को घरमा बस्छ। त्यही घरको आँगनमा आधुनिक उपकरण जडान गरेर उनले एक वर्षदेखि पोली-स्यान्ड टायल उत्पादन गरिरहेका छन्।घरकै परिसरमा उद्योग चलाउँदा वातावरणीय असरबारे विशेष सतर्कता अपनाउनुपर्ने निरज बताउँछन्।'मेरो उद्योगबाट एउटा धूलोको कण पनि वातावरणमा मिसिनु हुन्न भन्नेमा म सचेत र सजग छु,' उनले भने, 'थोरै पनि प्रदूषण हुन्थ्यो भने मैले आफू र मेरो परिवारसँगै बस्ने घरकै आँगनमा टायल उत्पादन किन गर्थें हुँला र।' टायल उत्पादनका लागि चाहिने प्लास्टिकजन्य फोहोर खासगरी उनले कुखुरा फार्म तथा ठूला उद्योगहरूबाट किन्छन्। घर, बजार र उद्योगबाट निस्किने प्लास्टिक छुट्टयाएर संकलन गर्न स्थानीय तहहरूलाई आग्रह गरे पनि अपेक्षित सहयोग नपाएको उनको भनाइ छ।निरजको अर्को उद्योग तुलसीपुर-४ बनहरीमा छ।

टायल उत्पादनस्थलबाट करिब चार किलोमिटर उत्तरमा पुष्पौंली तीन बिघा जमिनमा उनले प्लास्टिक रिसाइकल कारखाना खोलेका छन्।त्यहाँ प्लास्टिक प्रशोधन गरेर पेलेट बनाइन्छ। त्यसपछि ती पेलेट टायल उद्योगमा ल्याएर बालुवासँग मिसाई टायल उत्पादन गरिन्छ। जिप्सन टायलको व्यवसाय पनि उनले बनहरीबाटै सञ्चालन गरिरहेका छन्।कारखाना, मेसिन लगायत उपकरणमा मात्रै करिब तीन करोड रूपैयाँ खर्च भएको उनले बताए। भवन, विद्युत् र अन्य संरचनासहित कुल लगानी करिब चार करोड ५० लाख रूपैयाँ पुगेको छ।'लगानीको ३० प्रतिशत रकम मैरै हो। ७० प्रतिशत बैंकबाट ऋण लिएको हुँ,' उनले भने।प्लास्टिक प्रशोधन क्रममा निस्किन सक्ने धूलो नियन्त्रण गर्न उनले हालै २५ लाख रूपैयाँ खर्चेर डस्ट कलेक्टर मेसिन पनि जडान गरेका छन्।निरजका अनुसार टायल उत्पादन सुरू गरेको एक वर्षमै करिब ७५ लाख रूपैयाँको कारोबार भएको छ। काठमाडौंका ग्राहकले माग गरेका आठ हजार टायल अहिले उद्योगमा तयार छन्।दाङसहित धनगढी, नेपालगन्ज, बुटवल, रूकुमका दुवै जिल्ला, पोखरा, काठमाडौं, गोरखा र जनकपुरसम्म उनले बनाएका टायल पुगेका छन्। 'यी टायलको माग त म पुऱ्याउनै सक्दिनँ,' उनले भने, 'तर मलाई अब केही नयाँ काम गरौं भन्ने भोक जागेको छ।'उनको उद्योगमा हाल दैनिक ३०० वटा टायल उत्पादन गर्ने क्षमता छ। तर विद्युत आपूर्तिको समस्याले दैनिक २०० देखि २५० वटासम्म मात्रै उत्पादन भइरहेको छ। दैनिक एक हजार वटा उत्पादन पुऱ्याउन सके अझ बजार विस्तार हुन्थ्यो भन्ने उनलाई लागेको छ।विभिन्न प्रकारका प्लास्टिक छुट्टाछुट्टै प्रशोधन गर्न सके उत्पादन बढाउन सकिने उनी बताउँछन्। उनका उद्योगमा २५ जनाले रोजगारी पाएका छन्।

कस्तो हुन्छ पोली-स्यान्ड टायल?

यो टायल १५ मिलिमिटर बाक्लो हुन्छ। यसमा चीनबाट ल्याइएको आइरन अक्साइडबाट रङ दिइन्छ।माटो वा सिमेन्टबाट बनेका टायलको तुलनामा यो बलियो र टिकाउ हुने उनको दावी छ। हुवानी क्रममा फुट्ने सम्भावना कम हुने र गाडीले कुर्लिंदासमेत सहन सक्ने उनी बताउँछन्।'टायल जोड्दा एकअर्कामा अडिने इन्टरलक प्रणाली भएकाले पानी चुहिने समस्या हुँदैन। छानामा हावाको आवतजावतका लागि खाली ठाउँ हुन्छ,' निरजले भने।

यसले घरभित्रको तापक्रम घटाउन मद्दत गर्ने र वर्षामा छानाबाट आउने आवाजसमेत कम गर्ने उनको भनाइ छ।टायल माइनस ५० डिग्रीदेखि ५० डिग्री सेल्सियससम्मको तापक्रममा पनि आकार परिवर्तन नगरी प्रयोग गर्न सकिन्छ। आगो लागेमा प्लास्टिक पग्लिएर डल्लो बन्ने भएकाले आगो फैलिने सम्भावना कम हुने निरजले बताए ।'यी विशेषता र टिकाउपनका कारण परम्परागत टायलभन्दा दोब्बर टिकाउ हुन्छ,' उनले भने।इन्जिनियरिङ पढेर नेपाल फर्किएपछि जिप्सन टायल उत्पादन गर्न थालेका निरजलाई सुरुमा परिवारकै सदस्यहरूले प्रश्न गर्थे। विदेशमा पढ्न त्यति धेरै पैसा खर्च गरेर पनि किन टायल बनाउने काममा लागेको भन्ने जिज्ञासा थियो। व्यवसाय सफल हुँदै गएपछि सबैले कामको प्रशंसा गरे।'पहिला मलाई आफन्त र घरपरिवारले नै त्यत्रो खर्च गरेर विदेशमा इन्जिनियर पढेर पनि के गरी बसेको होला भन्थे,' निरजले भने, 'मैले काम नलाग्ने फोहोरबाट रंगीन टायल बनाउन थालेपछि सबैले वाह भन्न थालेका छन्।'-***सेतोपाटी डटकम***

विश्वभर माइक्रोसफ्टका सेवाहरू अवरुद्ध



शिकागो, माइक्रोसफ्टका केही महत्वपूर्ण अनलाइन सेवाहरू विश्वव्यापी रूपमा घण्टौंदेखि अवरुद्ध भएका छन् । यसका कारण इमेल पठाउने, अनलाइन बैठकहरू सञ्चालन गर्ने र क्लाउडमा फाइलहरू सेभ गर्ने जस्ता अत्यावश्यक कार्यहरू ठप्प भएका छन्।

'डाउनडिटेक्टर' नामक वेबसाइटका अनुसार, केवल 'माइक्रोसफ्ट आउटलुक' मा आएको समस्यालाई लिएर १ लाख ४० हजारभन्दा बढी उजुरीहरू दर्ता भएका छन्। यो अवरोधको असर कार्यालयहरूमा मात्र सीमित नरही विद्यालय, अस्पताल र सरकारी क्षेत्रका कामकारबाहीमा समेत परेको छ। विश्वभर माइक्रोसफ्टका धेरै अनलाइन सेवाहरू एकैसाथ अवरुद्ध भएका छन्। कम्पनीका अनुसार, दैनिक कामकाजका लागि अत्यावश्यक धेरै सेवाहरू प्रभावित भएका छन्, जसमा माइक्रोसफ्ट आउटलुक (इमेलका लागि), माइक्रोसफ्ट टिम्स (अनलाइन बैठक र च्याट/कुराकानीका लागि), शेयरपोइन्ट अनलाइन (फाइल सेयरिङका लागि), माइक्रोसफ्ट कोपाइलट ३६५ (एआई/एआई उपकरण), माइक्रोसफ्ट प्लानर र एक्सचेन्ज अनलाइन र माइक्रोसफ्ट डिफेन्डर (साइबर सुरक्षा सेवा) रहेका छन् ।'डाउनडिटेक्टर' का अनुसार, यो अवरोध बिहीबार राति १० बजे (नेपाली समय) शुरू भएको थियो। यो प्राविधिक समस्या कम्तीमा ८ घण्टासम्म लगातार रह्यो।अवरुद्ध भएको एक घण्टाभित्रै यसको असर ७४ देशहरूमा फैलियो, जसले गर्दा लाखौं मानिसहरूको डिजिटल कामकाज ठप्प भयो। उजुरीको उच्च संख्या: बिहीबार राति करिब ११:४५ बजे, विश्वभर 'आउटलुक' सम्बन्धी उजुरीहरूको संख्या १ लाख ४० हजार पुग्यो-यो सामान्य अवस्थाको तुलनामा २,००० गुणा बढी हो।यो अवरोधका कारण धेरै महत्वपूर्ण गतिविधिहरू रोकिएका छन् ।

धेरै चिकित्सकहरूले बिरामीहरूलाई अनलाइन परामर्श दिन सकेनन्। धेरै विद्यालयहरूमा विद्यार्थीहरूका लागि अनलाइन कक्षाहरू सञ्चालन हुन सकेनन्।माइक्रोसफ्टका अनुसार, यो अवरोध एउटा त्रुटिपूर्ण वा गलत तरिकाले कार्यान्वयन गरिएको सुरुवेयर अपडेटका कारण भएको हो। यो कुनै साइबर आक्रमण वा ह्याकिङसँग सम्बन्धित घटनाको परिणाम थिएन।माइक्रोसफ्टले यो पनि उल्लेख गरेको छ कि यो समस्या जुलाई २०२४ मा भएको 'क्राउडस्ट्राइक' घटनासँग धेरै हदसम्म मिल्दोजुल्दो छ, जुन पनि एउटा त्रुटिपूर्ण अपडेटकै कारण भएको थियो।माइक्रोसफ्टले जनाएअनुसार, समस्या समाधान गर्न लागू गरिएका परिवर्तनहरू अपेक्षा गरिए अनुसार काम गरिरहेका छैनन्। कम्पनीले हाल प्रणालीमा अत्यधिक भार नपर्ने गरी थप प्रयोगकर्ताहरूलाई प्लेटफर्ममा जोड्नका लागि वैकल्पिक उपायहरूको परीक्षण गरिरहेको छ।विश्वभर ४३ करोड भन्दा बढी मानिसहरूले 'माइक्रोसफ्ट ३६५' एपहरू प्रयोग गर्छन्, जसमा 'आउटलुक' र 'टिम्स' जस्ता सदस्यता आधारित सेवाहरू समावेश छन्।ट्र्याकिङ प्लेटफर्महरूको तथ्याङ्क अनुसार, ३० लाखदेखि ४० लाख (३ देखि ४ मिलियन) कम्पनीहरू आफ्नो दैनिक कामकाजका लागि 'माइक्रोसफ्ट ३६५' मा निर्भर छन्। यसबाहेक, कम्पनीका अनुसार विश्वका शीर्ष 'फर्च्युन ५००' कम्पनीहरूमध्ये ९० % भन्दा बढीले यसको एआई -च्याटबट 'कोपाइलट' प्रयोग गर्छन्। अस्ट्रेलियाका साइबर सुरक्षा विज्ञ ट्रोय हन्टका अनुसार, यसको प्रभाव निकै ठूलो हुनेछ र यो केवल माइक्रोसफ्टका प्रयोगकर्ताहरूमा मात्र सीमित रहने छैन । हन्टका अनुसार, यस अवरोधले कार्यालयको कामलाई मात्र रोकेको छैन, बरु यसले भेटघाटको समय तय गर्ने (अपोइन्टमेन्ट लिने), प्रमाणीकरण (ओटीपी वा इमेलमार्फत) आवश्यक पर्ने अनलाइन खरिद प्रक्रिया पूरा गर्ने, नयाँ खाता खोल्ने र विद्यमान सेवाहरू प्रयोग गर्ने जस्ता कार्यहरूलाई पनि प्रभावित पारेको छ। -***हाम्रा कुरा डटकम***

अस्ट्रेलियाली नागरिकमा एआईप्रति बढ्दो चिन्ता

मेलबर्न, कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको तीव्र विकासले विश्वभर नयाँ सम्भावना र अवसर सिर्जना गरिरहेको भए पनि अस्ट्रेलियाली नागरिकमा यसप्रति चिन्ता बढ्दै गएको एक सर्वेक्षणले देखाएको छ । अधिकांश अस्ट्रेलियाली नागरिकले एआईबाट हुने सम्भावित जोखिम समाजले प्राप्त गर्ने फाइदाभन्दा बढी रहेको विश्वास गरेका छन् ।

अस्ट्रेलियाको अग्रणी स्वतन्त्र अनुसन्धान संस्था लोवी इन्स्टिच्युटले गरेको सर्वेक्षणअनुसार ६५ प्रतिशत उत्तरदाताले एआईका सम्भावित जोखिम समाजका लागि यसबाट प्राप्त हुने सम्भावित लाभभन्दा बढी रहेको बताएका छन् । सन् २०२६ को मार्चमा यस्तो धारणा राख्ने नागरिकको संख्या ६४ प्रतिशत थियो भने सन् २०२४ मा यो संख्या ५२ प्रतिशत मात्र रहेको थियो ।पछिल्लो तथ्यांकले एआई प्रविधिको विस्तारसँगै अस्ट्रेलियाली नागरिकमा यसले समाजमा पार्न सक्ने नकारात्मक प्रभावप्रति चिन्ता बढ्दै गएको देखाएको छ । विशेषगरी रोजगारी, आर्थिक सुरक्षा र भविष्यमा मानव श्रमको भूमिकालाई लिएर नागरिकहरू बढी संवेदनशील बनेका छन् ।यसअघि सन् २०२६ मा अमेरिकास्थित प्यु रिसर्च सेन्टरले ३० भन्दा बढी देशका नागरिकलाई समेटेर गरेको छुट्टै सर्वेक्षणले पनि अस्ट्रेलियालीहरू एआईप्रति बढी चिन्तित रहेको देखाएको थियो ।उक्त सर्वेक्षणअनुसार एआईको बढ्दो प्रयोगले आफूहरूलाई उत्साहित बनाएको भन्दा बढी चिन्तित बनाएको बताउने देशहरूमध्ये अस्ट्रेलिया अगाडि रहेको थियो । यसले प्रविधिको विकासप्रति नागरिकको धारणा केवल नयाँ अवसर र सुविधामा मात्र सीमित नरहेको स्पष्ट पारेको छ ।प्यु रिसर्च सेन्टरको सर्वेक्षणले अर्को महत्त्वपूर्ण तथ्य पनि सार्वजनिक गरेको छ। सर्वेक्षणमा सहभागी ७६ प्रतिशत अस्ट्रेलियाली नागरिकले आगामी २० वर्षभित्र एआईका कारण रोजगारीका अवसर घट्ने विश्वास व्यक्त गरेका छन् ।एआईले विभिन्न क्षेत्रमा काम गर्ने तरिका परिवर्तन गर्न सक्ने र कतिपय काममा मानव श्रमको आवश्यकता कम हुन सक्ने चिन्ता नागरिकमा रहेको यसले संकेत गर्छ ।पछिल्लो समय एआईको प्रयोग शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग, व्यापार तथा सेवा क्षेत्रमा तीव्र रूपमा विस्तार भइरहेको छ । यसले कामलाई सहज, छिटो र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिए पनि रोजगारी विस्थापन, आर्थिक असमानता तथा सामाजिक प्रभावबारे बहस बढिरहेको छ ।लोवी इन्स्टिच्युटको सर्वेक्षणमा एआईका जोखिमलाई बढी देख्ने नागरिकको संख्या दुई वर्षको अवधिमा उल्लेख्य रूपमा बढ्नुले प्रविधिको विकाससँगै त्यसको सुरक्षित र जिम्मेवार प्रयोग सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई पनि उजागर गरेको छ ।-***रासस***

पाल्पामा रजोनिवृत्ति सचेतना कार्यक्रम



पाल्पा, कार्तिक ३०/महिलाको स्वास्थ्य र जीवनशैलीसँग प्रत्यक्ष सम्बन्ध राख्ने मेनोपज (रजोनिवृत्ति) बारे सचेतना अभिवृद्धि गर्ने उद्देश्यले तानसेनमा मेनोपज सचेतना कार्यक्रम गरिएको छ । एनआइआरआइ, फोकस फाउन्डेसन, लायन्स क्लब अफ पाल्पा प्राइडको संयुक्त आयोजनामा पाल्पामा पहिलोपटक मेनोपजजस्तो महत्वपूर्ण तर कमै चर्चा हुने विषयमा खुलेर छलफल गरिएको हो ।

कार्यक्रममा ४२ जना महिलाको सहभागिता रहेको थियो । कार्यक्रममा प्रोजेक्ट निर्देशक नम्रता ढुंगाना, बेल्जियमबाट आएकी मेनोपज परामर्शदाता एन्जेला रामिरेज एस्क्बार र लायन्स क्लब अफ पाल्पा प्राइडकी अध्यक्ष कला दाहालले सहजीकरण गरेका थिए । कार्यक्रममा मेनोपजका क्रममा महिलाहरूले अनुभव गर्ने शारीरिक तथा मानसिक परिवर्तन, त्यसबाट उत्पन्न हुने चुनौती र स्वास्थ्यसम्बन्धी समस्याबारे जानकारी तथा छलफल गरिएको थियो । सहभागी महिलाहरूले आफ्ना व्यक्तिगत अनुभव, जिज्ञासा र समस्याहरू खुलेर राखेका थिए । मेनोपजका कारण देखिने विभिन्न स्वास्थ्य समस्याबारे जानकारी नहुँदा कहाँ जाने, कसरी समाधान खोज्ने र कसको परामर्श लिने भन्ने अन्योलमा रहेका महिलाहरूका लागि कार्यक्रम उपयोगी बनेको सहभागीहरूले बताएका थिए । आफ्ना अनुभव र समस्या निर्धक्कसँग राख्न सक्ने सहज, आत्मीय र विश्वासपूर्ण वातावरण कार्यक्रमको महत्वपूर्ण पक्ष बनेको थियो ।

कार्यक्रममा सहजीकरण गरेकी बेल्जियम निवासी एन्जेला रामिरेज एस्क्बारले नेपालमा यस किसिमको सचेतनामूलक कार्यक्रममा सहभागी हुन पाउँदा खुसी व्यक्त गर्दै यसलाई सुरुवातका रूपमा लिएको बताइन् । उनले आगामी दिनमा पनि महिलाको स्वास्थ्य र मेनोपजसम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिँदै अझ व्यापक रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरिन् । महिलाको जीवनमा आउने प्राकृतिक चरणका रूपमा रहेको मेनोपजलाई सहज रूपमा बुझ्ने, यसबारे समाजमा खुलेर संवाद गर्ने र आवश्यक स्वास्थ्य परामर्श लिन प्रेरित गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएका छन् ।

श्री तिलोत्तमा माध्यमिक विद्यालय
तिनाउ गाउँपालिका-३, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

क्याटलग /ब्रोसर सपिङ विधिबाट भन्सार छुटमा सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०८/०१ गते

श्री तिलोत्तमा माध्यमिक विद्यालय तिनाउ गाउँपालिका-३ झुम्सा, पाल्पाको मिति २०८३/०७/१८ गतेको वि. व्य. स.को निर्णय र मेकानिकल प्राविधिकको सिफारिस अनुसार प्रथम पटक प्रकाशित सूचनामा सामन्य परिवर्तन गरी विद्यालयका लागि आवश्यक भएको सवारी साधन (स्कुल बस) सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलली बमोजिम त्यस्तो सवारी उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक विक्रेताबाट सवारी साधन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र सो को अद्यावधिक नविकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार कर भुक्तानी गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विवरण ,सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग) वा ब्रोसर साथै आवश्यक कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र विद्यालय समयमा भौतिक उपस्थिति वा **इमेल** ***tilottama062@gmail.com*** मार्फत निवेदन दर्ता गराउन आह्वान गरिएको छ ।

थप जानकारीका लागि फोन नम्बर :९८६७४२७२९७ ,९८४७२५२२५१ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

क्र.सं	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	School Bus-1	**Model :** Min 4 cylinder, Turbo charged, diesel engine **Power :** Minimum 90 KW @ rates rpm **Torque :** 350 nm **Ground Clearance (mm) :** Min 180 **Seats :** 3 ×2 or 2×2 profile standard seat. **32-35** **Fuel tank capacity :** Min 90 ltr	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । स्वीकृत Technical Specification का लागि विद्यालय प्रशासनमा सम्पर्क गर्न सकिनेछ ।

(नोट : आपुर्तीकर्ताले नेपाल अधिराज्यभरि कम्तिमा १५ वटा बाह्रै सर्भिस सेन्टर सञ्चालन रहेको हुनुपर्ने छ। आपुर्तीकर्ताले स्कूल बस आपुर्ती गरेको अनुभव हुनुपर्ने छ, साथै सम्पूर्ण मूल्याङ्कन तथा निर्णय गर्ने अधिकार यस विद्यालयमा निहित रहने छ।)

प्राधानाध्यापक

खेलकुद समाचार

बेल्जियम यूईएफए नेसन्स लिगको क्वार्टरफाइनलमा



काठमाडौं, कार्तिक ३०/ यूईएफए नेसन्स लिग फुटबलमा बेल्जियमले इटालीलाई ४-१ गोलले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाएको छ ।ब्रसेल्समा गएराति भएको खेलमा इटालीका लागि फ्रान्सेस्को पियो एस्पोसिटोले ११ औं मिनेटमा गोल गरेका थिए । तर बेल्जियमका म्याक्सिम डे क्युपर, नाथन एनगोय र जेरेमी डोकुले पहिलो हाफमै गोल गर्दै टोलीलाई ३-१ को अग्रता दिलाए ।

दोस्रो हाफमा डिएगो मोरेइराले थप एक गोल गरेपछि बेल्जियम ४-१ ले विजयी भयो । यस्तै, फ्रान्सले टर्कीएलाई २-१ गोलले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ । अर्को खेलमा इंग्ल्यान्डले स्पेनलाई उसकै घरेलु मैदानमा ३-२ गोलले हराएको छ । हारका बाबजुद स्पेन पनि समूहको दोस्रो स्थानमा रहँदै क्वार्टरफाइनलमा पुगेको छ ।त्यस्तै, क्रोएसियाले चेक रिपब्लिकलाई २-१ गोलले पराजित गरेको छ ।

वर्गिकृत डिस्प्ले

१X१ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

सुनको मूल्यमा निरन्तर गिरावट



पाल्पा, कार्तिक ३०/ केही दिन यता नेपाली बजारमा सुन-चाँदीको मूल्यमा निरन्तर गिरावट आएको छ । सोमबार पनिसुनचाँदीको मूल्यमा गिरावट आएको छ । सोमबार सुनको मूल्य १ हजार १०० र चाँदी ८० रुपैयाँले घटेको हो ।

अघिल्लो दिन आइतबार सुनको मूल्य १ हजार ५०० र चाँदीको मुल्य १०० रुपैयाँले घटेको थियो । नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार सोमबार एक तोला सुनको मूल्य २ लाख ६९ हजार १०० कायम भएको छ । आइतबार सोही परिमाणको सुन २ लाख ७० हजार २०० रुपैयाँमा खरिदबिक्री भएको थियो । महासंघका अनुसार सोमबार चाँदी प्रतितोलाको ३ हजार ५२० रुपैयाँमा खरिदबिक्री भइरहेको छ । सोमबार १५५ रुपैयाँले घटेर प्रतितोला चाँदीको मूल्य ३ हजार ६०० रुपैयाँ कायम भएको थियो ।

दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सुचित गरिन्छ की पाल्पा जिल्ला सावित दर्लमडाँडा गा.वि.स.-१, हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भ.पु.सैनिक नं. 5247613 Kका NK हर्ख बहादुर गाहा थापा (Harkha Bahadur Gaha thapa) (ना.प्र.मा हर्ष बहादुर गाहा थापा (Harkha Bahadur Gaha Thapa)) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सिता कुमारी गाहा थापा र जन्म मिति सन् १९७७ मे २८ (वि.स.२०३४/०२/१५) र नेपाली नागरिकता प्रमाणपत्रमा सिता कुमारी गाहा, जन्म मिति वि.स. २०३४/०२/१५ (सन् १९७७ मे २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सुचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सुचित गरिन्छ की नवलपरासी जिल्ला सावित स्वाठी गा.वि.स.-५, बनकट्टी हाल नवलपरासी जिल्ला(बर्दघाट सुस्ता पश्चिम) सुनवल नगरपालिकार-५ निवासी भारतिय भ.पु.सैनिक नं. 5346277 Lका NK यम बहादुर थापा (Yam Bahadur Thapa)(ना.प्र.मा यम बहादुर के.सी.) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा राधा देवी (Radha Devi) र जन्म मिति सन् १९७४ जुन ८(वि.स.२०३१/०२/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा राधा देवी के.सी.,जन्म मिति वि.स. २०३१/०१/२० (सन् १९७४ मे ३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सुचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. ५८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई